# ब्याँस गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

सुन्सेरा दार्चुला

सुदुरपश्चिम प्रदेश

# आर्थिक ऐन २०८०।०८१

# ब्याँस गाउँपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको आर्थिक ऐन, २०८०

**प्रस्तावनाः**

ब्याँस गाउँपालिका आर्थिक वर्ष २०८०/८१ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको लागि स्थानीय कर, शुल्क, दस्तुर र जरिवाना संकलन गर्न, छुट दिन तथा अन्य आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाच्छनीय भएकोले, नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम ब्याँस गाउँ सभाले यो ऐन बनाएको छ ।

१। **संक्षिप्त नाम र प्रारम्भः** (क) यस ऐनको नाम "ब्याँस गाउँपालिका आर्थिक ऐन, २०८०" रहेको छ ।

(ख) यो ऐन २०८० साल श्रावण १ गतेदेखि ब्याँस गाउँपालिकाको क्षेत्रभित्र लागु हुनेछ ।

२। **सम्पत्ति करः** ब्याँस गाउँपालिका क्षेत्रभित्र अनुसूचि (१) बमोजिम गाउँपालिका क्षेत्रभित्रका घर र जग्गामा कर लगाई असुलउपर गरिनेछ ।

३। **भूमिकरः** ब्याँस गाउँपालिकाका क्षेत्रभित्र सम्पत्ति कर लाग्ने भूमिबाहेकमा अनुसूचि (२) बमोजिम भूमिकर (मालपोत) लगाई असुलउपर गरिनेछ ।

४। **घरजग्गा बहाल करः** ब्याँस गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, वर्कसप, गोदाम, टहरा, छप्पर जग्गा वा पोखरी पुरै वा आंशिक तवरले बहालमा लगाई हुने आम्दानी र आम्दानी हुने गरि अन्य कुनै सम्पत्ति बहालमा दिएकोमा अनुसूचि (३) बमोजिम घरजग्गा बहाल कर लगाई असुलउपर गरिनेछ ।

५। **व्यवसाय करः** ब्याँस गाउँपालिका क्षेत्रभित्र दर्ता वा इजाजत प्राप्त गरि स्थापित उद्योग, व्यापार, व्यवसाय, सेवा र यस्तै प्रकारका जुनसुकै कारोबार गर्ने व्यक्ति वा संघसंस्थाले वा निकायलाई व्यवसायिक प्रकृति, आर्थिक कारोबार, स्थान विशेष र लगानीको आधारमा अनुसूचि (४) बमोजिम व्यवसाय कर लगाई असुलउपर गरिनेछ ।

६। **बहाल बिटौरी शुल्कः** ब्याँस गाउँपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा सञ्चालन गरेका वा सार्वजनिक जग्गा वा भवनमा हाटबजार वा पसल वा विशेष मेला पर्वमा अनुसूचि (५) बमोजिम बहाल बिटौरी शुल्क लगाई असुलउपर गरिनेछ ।

७। **जडीबुटी, कवाडी र जीवजन्तु करः** ब्याँस गाउँपालिका क्षेत्रभित्र कुनै पनि व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र अन्य मृत वा मारिएका जन्तुको हाड सिहं, प्वाख, छाला, जस्ता वस्तुको व्यवसायिक कारोबार गरे वापत अनुसूचि (६) बमोजिम जडी, कवाडी र जीवजन्तु कर लगाई असुलउपर गरिनेछ ।

८। **सवारी साधन करः** प्रदेश सरकारले तोकेबमोजिम बाँडफाँडबाट गाउँपालिकालाई प्राप्त हुने सवारी साधन कर बाधिँनेछ ।

९। **विज्ञापन करः** ब्याँस गाउँपालिका क्षेत्रभित्र हुने अनुसूचि (७) बमोजिमको दरमा विज्ञापन कर लगाई असुलउपर गरिनेछ ।

१०। **मनोरञ्जन करः** ब्याँस गाउँपालिका क्षेत्रभित्र हुने र शुल्क लिइ सञ्चालन गरिने जुनसुकै प्रकारको मनोरञ्जन व्यवसायमा प्रदेश सरकारले तोकेको दरमा मनोरञ्जन कर लगाई असुलउपर गरिनेछ ।

११। **सेवा शुल्कः** ब्याँस गाउँपालिका क्षेत्रभित्र निर्माण, सञ्चालन वा व्यवस्थापन गरेका अनुसूचि (८) मा उल्लेखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्रहीबाट सोही अनुसूचिमा व्यवस्था भए अनुसार शुल्क लगाई असुलउपर गरिनेछ ।

१२। **गिट्टि, बालुवा, ढुङ्गा, खानी उद्योगमा लगाइने करः** ब्याँस गाउँपालिका क्षेत्रभित्र रहेका गिट्टि, बालुवा, ढुङ्गा, खानी उद्योग उपयोग (उत्खनन) गरे वापत अनुसूचि (९) मा उल्लेख भएबमोजिम हुनेछ ।

१३। **पर्यटन प्रवेश शुल्कः** ब्याँस गाउँपालिका क्षेत्रभित्र निर्माण गरेका उद्यान, पार्क, चिडियाखाना, ऐतिहासिक तथा पूरातात्विक सम्पदा, संग्रहालय जस्ता सम्पदा उपयोग गरे वापत पर्यटकहरुबाट अनुसूचि (१०) मा उल्लखित दरमा शुल्क लगाई असुलउपर गरिनेछ ।

१४। **घरजग्गा रजिष्ट्रेशन शुल्कः** ब्याँस गाउँपालिका क्षेत्रभित्र घरजग्गा वा अन्य सम्पतिहरुको रजिष्ट्रेशन पारित गर्दा लाग्ने रजिष्ट्रेशन शुल्क प्रदेश सरकारले तोकेबमोजिम हुनेछ ।

१५। **जरिवानाः** ब्याँस गाउँपालिका क्षेत्रभित्र निषेध गरिएका प्रचलित कानून विपरितका कार्य गरेमा अनुसूचि (११) मा उल्लखित दरमा जरिवाना शुल्क लगाई असुलउपर गरिनेछ ।

१६। **कृषि तथा पशुजन्य कारोबारमा लाग्ने करः** ब्याँस गाउँपालिका क्षेत्रभित्र हुने कृषि तथा पशुजन्य कारोबारमा अनुसूचि (१२) मा उल्लखित दरमा कर लगाई असुलउपर गरिनेछ ।

१७। **विभाज्य कोष सम्बन्धी व्यवस्थाः** ब्याँस गाउँपालिकाले प्रचलित कानून बमोजिम संकलन गरि प्रदेश सरकारलाई हस्तान्तरण गर्नुपर्ने प्रकृतिका राजश्वहरु यस कोषमा जम्मा गरि तोकिएबमोजिम बाँडफाँड गरिनेछ ।

१८। **सहकार्यमा राजश्व संकलन गर्न सकिनेः** राजश्व संकलन गर्दा अन्य स्थानीय तह तथा सेवा प्रदायकहरु संगको सहकार्य प्रभावकारी हुने देखिएमा गाउँकार्यपालिकाले निर्णय गरि सहकार्यमा राजश्व संकलन गर्न सकिनेछ ।

१९। **कर छुटः** यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिइने छैन ।

२०। **कर तथा शुल्क संकलन सम्बन्धी कार्यविधिः** यस ऐनमा भएको व्यवस्था यसै बमोजिम र अन्यको हकमा यस ऐनसंग नबाजिने गरि कर तथा शुल्क संकलन सम्बन्धमा ब्याँस गाउँपालिका, गाउँ कार्यपालिकाले तोकेबमोजिम हुनेछ ।

२१। **यसै ऐन बमोजिम भएको मानिनेः** यो ऐन जारी हुनु अघि भए/गरेका व्यवस्थाहरु यसै ऐन बमोजिम भए/गरेको मानिने छ ।

२२। **नियम वा कार्यविधि बनाउन सक्नेः** ब्याँस गाउँपालिका, गाउँ कार्यपालिकाले यस ऐनमा भएका व्यवस्थाहरुलाई कार्यान्वयन गर्नका लागि आवश्यक नियम वा कार्यविधि बनाउन सक्ने छ ।

२३। **बाधा अड्काउ फुकाउः** यस ऐनको कार्यान्वयनको क्रममा कुनै बाधा आइपरेमा ब्याँस गाउँपालिका, गाउँ कार्यपालिकालाई बाधा अड्काउ फुकाउने अधिकार रहने छ ।

२४। **खारेजीः** साबिकमा ब्याँस गाउँपालिकाले लागु गर्दै आएका व्यवस्थाहरु यस ऐनसँग प्रतिकूल देखिएमा प्रतिकूल देखिएको हदसम्म खारेज हुने छन् ।

| अनुसूची–१ | | | | | |
|---|---|---|---|---|---|
| **१- सम्पति कर** | | | | | |
| **क्र.सं.** | **विवरण** | **दर्ता/बार्षिक शुल्क रु.** | **वार्षिक नविकरण दस्तुर रु** | **जरिवाना दस्तुर** | **कैफियत** |
| १ | छाप्रो, फुसको छाना भएको कच्ची घर कर प्रति वर्ष | 50.00 | | | |
| २ | टीनको छाना भएको घर कर प्रति वर्ष | 150.00 | | | |
| ३ | स्लेट ढुङ्गा, टायलको छाना भएको एक मझेलो घर कर प्रति वर्ष | 150.00 | | | |
| ४ | टीन, स्लेट ढुङ्गा, टायलको छाना भएको दुई मझेलो घर प्रति वर्ष | 200.00 | | | |
| ५ | टीन, स्लेट ढुङ्गा, टायलको छाना भएको दुई मझेलो भन्दा बढी घर प्रति वर्ष | 250.00 | | | |
| ६ | RCC घर ४ कोठा सम्मको प्रति वर्ष | 300.00 | | | |
| ७ | RCC घर 5 कोठा देखि १० कोठा सम्मको प्रति वर्ष | 500.00 | | | |
| ८ | RCC घर 10 कोठा भन्दा माथि आवासीय प्रयोजन प्रति वर्ष | 700.00 | | | |
| ९ | RCC घर 5 कोठासम्म व्यवसायीक प्रयोजन प्रति वर्ष | 800.00 | | | |
| १० | RCC घर ५ देखि १० कोठा सम्मको व्यवसायीक प्रयोजन प्रति वर्ष | 1,200.00 | | | |
| ११ | RCC घर 10 कोठा भन्दा माथि व्यवसायीक प्रयोजन प्रति वर्ष | 1,500.00 | | | |
| १२ | अचल सम्पत्ति मुल्याङ्कन | | | | |
| १२.१ | मुल्याङ्क अंकको रु १ लाख सम्म | 500.00 | | | |
| १२.२ | रु 1,00,01 देखी 5,00,000 सम्म | 1,000.00 | | | |
| १२.३ | रु 5,00,01 देखी 10,00,000 सम्म | 1,500.00 | | | |
| १२.४ | रु 10,00,001 देखी माथि | 0.२% ले हुन आउने रकम | | | |
| १३ | घर जग्गामा रजिष्ट्रेशन शुल्क | प्रदेश सरकारले तोकेबमोजिम हुनेछ । | | | |
| १४ | प्रत्येक वर्ष माथि उल्लेखित कर नबुझाउने ब्याक्तिलाई प्रति वर्ष 40% का दरले जरिवाना थप्दै लैजाने। | | | | |

| अनुसूची–२ | | | | | |
|---|---|---|---|---|---|
| **२- भुमिकर (मालपोत)** | | | | | |
| १ | मालपोत कर खर फागलो १ रोपनी सम्म प्रति रोपनी | 15.00 | | | |
| २ | मालपोत कर खर फागलो १ रोपनी भन्दा माथि प्रति रोपनी | 10.00 | | | |
| ३ | मालपोत कर खेति योग्य जमित 5 रोपनी सम्म प्रति रोपनी | 12.00 | | | |
| ४ | मालपोत कर खेति योग्य जमित 5 रोपनी भन्दा माथि प्रति रोपनी | 15.00 | | | |
| ५ | मालपोत कर दार्चुला तिङकर सडकले छोएको १ रोपनी सम्म | 50.00 | | | |
| ६ | मालपोत कर दार्चुला तिङ्कर सडकले छोएकोमा १ रोपनी भन्दा माथि प्रति रोपनि | 40.00 | | | |
| ७ | प्रत्येक वर्ष मालपोत नबुझाउने ब्याक्तिलाई प्रति वर्ष 40% का दरले मालपोत जरिवाना थप्दै लैजाने। | | | | |

# अनुसूची–३

## ३– बहाल कर : –

| | |
|---|---|
| १ | यस गाउँपालिका क्षेत्र भित्र घर, जग्गा, टहरो, छाप्रो, पसल, ग्यारेज, गाडी, मेसिनरी औजार, डोजर, निर्माणका साधन लगायत र अन्य साधनहरु भाडामा लगाएमा भाडा रकमको १०% बहाल कर लगाउने । |

# अनुसूची–4

## ४– व्यवसाय कर

| क्र.सं. | विवरण | दर्ता सुल्क रु. | वार्षिक नविकरण दस्तुर रु | जरिवाना दस्तुर | कैफियत |
|---|---|---|---|---|---|
| १ | चिया, नास्ता पसल | 500.00 | 200.00 | 200.00 | |
| २ | किराना पसल, खाद्यान्न पसल | 1,000.00 | 500.00 | 500.00 | |
| ३ | रेष्टुरेन्ट, होटल, बार | 2,000.00 | 500.00 | 500.00 | |
| ४ | खाद्यान्न पसल, किराना पसल र चिया नास्ता समेत भएको पसल | 1,000.00 | 500.00 | 500.00 | |
| ५ | घुम्ती पसल प्रति व्यवसायिक व्यक्ती (कपडा, भाँडावर्तन, सुनचाँदी, मूर्ती आदि) | 500.00 | 500.00 | 500.00 | |
| ६ | तयारी पोसाक वा काँचो कपडा पसल | 1,000.00 | 500.00 | 500.00 | |
| ७ | स्टेसनरी तथा खेलकुद सामग्री पसल | 1,000.00 | 500.00 | 500.00 | |
| ८ | मासु पसल | 1,000.00 | 500.00 | 500.00 | |
| ९ | कपाल काट्ने सैलुन | 500.00 | 250.00 | 250.00 | |
| १० | ब्यूटी पार्लर | 2,000.00 | 1,000.00 | 1,000.00 | |
| ११ | निर्माण सामग्री पसल | 3,000.00 | 1,500.00 | 1,500.00 | |
| १२ | भाँडा पसल | 2,500.00 | 1,500.00 | 1,500.00 | |
| १३ | मोटर साइकल वर्कसप | 2,000.00 | 1,000.00 | 1,000.00 | |
| १४ | जिप, बस, ट्रक, ट्रेक्टर, वर्कसप | 3,000.00 | 1,500.00 | 1,500.00 | |
| १५ | सामान्य औषधी पसल | 1,000.00 | 500.00 | 500.00 | |
| १६ | ल्याव, एक्सरे सहितको औषधी पसल | 3,000.00 | 1,500.00 | 1,500.00 | |
| १७ | सून चाँदी पसल (सानो/ठुलो) | 3,000.00 | 1,500.00 | 1,500.00 | |
| १८ | सामानको थोक बिक्रेत (गल्ला तथा किराना) | 5,000.00 | 2,500.00 | 2,500.00 | |

| | | | | | |
|---|---|---|---|---|---|
| १९ | टेलरीङ्ग पसल | 500.00 | 250.00 | 250.00 | |
| २० | निर्माण व्यवसायी (घ) वर्ग | 11,000.00 | 3,000.00 | 3,000.00 | |
| २१ | निर्माण व्यवसायी (घ) वर्ग को नामसारी | 3,000.00 | - | - | |
| २२ | निर्माण व्यवसायी (ग) वर्ग सिफारिस | 1,000.00 | - | - | |
| २३ | निर्माण व्यवसायी (ख) सिफारिस | 1,200.00 | - | - | |
| २४ | निर्माण व्यवसायी (क) सिफारिस | 1,500.00 | - | - | |
| २५ | नेपाल सरकारले मान्यता दिएको मदिरा विक्रिका लागि इजाजत पत्रका सिफारिस | 25,000.00 | - | - | |
| २६ | नेपाल सरकारले मान्यता दिएको मदिरा विक्रिका लागि इजाजत पत्र नविकरणका लागि सिफारिस | 20,000.00 | - | - | |
| २७ | ग्रिल उद्योग | 3,000.00 | 1,500.00 | 1,500.00 | |
| २८ | फर्निचर उद्योग तथा व्यवसाय | 3,000.00 | 1,500.00 | 1,500.00 | |
| २९ | खाद्य उद्योग (पाउरोटी, चाउमीन, चाउचाउ) | 2,000.00 | 1,000.00 | 1,000.00 | |
| ३० | लघु जल विद्युत आयोजना प्रति किलो वाट | 200.00 | 150.00 | 150.00 | |
| ३१ | कुटानी पिसानी मिल | 2,000.00 | 1,000.00 | 1,000.00 | |
| ३२ | घट्ट १२ महिने | 150.00 | 50.00 | 50.00 | |
| ३३ | घट्ट ६ महिने | 100.00 | 100.00 | 100.00 | |
| ३४ | घट्ट आंशिक रुपमा चल्ने | 50.00 | 50.00 | 50.00 | |
| ३५ | थ्रेसर उद्योग (गहुँ, जौ, मकै, धान आदि) | 1,500.00 | 500.00 | 500.00 | |
| ३६ | अन्य उद्योग तथा ब्यबसाय | 2,000.00 | 500.00 | 500.00 | |
| ३७ | कारोबार थप गर्दा थप गरेको कारोबारको ५० प्रतिशत थप शुल्क लाग्ने । | | | | |

## अनुसूची–५

### ५– बहाल बिटौरी शुल्क

| | | | | | |
|---|---|---|---|---|---|
| १ | सरकारी जग्गा भोक चलन गरेबापत | | | | |
| १.१ | खरफागला प्रति रोपनी | 200.00 | | | |
| १.२ | खेतियोग्य प्रति रोपनी | 500.00 | | | |
| १.३ | घरबास | 800.00 | | | |
| २ | सार्वजनिक स्थलमा हाट बजार प्रति पसल (प्रतिदिन) | 200.00 | | | |
| ३ | सार्वजनिक स्थलमा मेला सञ्चालन प्रति पसल (प्रतिदिन) | 200.00 | | | |
| ४ | मेला सञ्चालन प्रत्येक पटक | 2,500.00 | | | |
| ५ | पटके सवारी | ब्याँस गाउँपालिका भित्रका पट्के सवारी र पार्किङमा लाग्ने शुल्क नियमानुसार हुनेछ। | | | |
| ६ | पार्किङ शुल्क | | | | |
| ७ | प्रत्येक वर्ष माथि उल्लेखित कर नबुझाउने ब्याक्तिलाई प्रति वर्ष 40% का दरले जरिवाना थप्दै लैजाने। | | | | |

## अनुसूची–६

### ६- जडिबुटी, कवाडी र जीवजन्तु कर

| | | | | | |
|---|---|---|---|---|---|
| १ | जडिबुटी सिफारिस | 500.00 | | | |
| २ | कवाडी वस्तु निकासी कर (प्रति कि.ग्रा) | 1.50 | | | |
| ३ | ब्याँस गाउँपालिका भित्रका जडिबुटी, कवाडी र जीवजन्तुमा लाग्ने अन्य कर गाउँपालिका अध्यक्ष ज्यूको निर्णयानुसार हुनेछ र उक्त करको दर गाउँकार्यपालिका/गाउँसभाबाट अनुमोदन गर्नुपर्नेछ। | | | | |

# अनुसूची–७

## ७– विज्ञापन कर

| | |
|---|---|
| १ | होर्डिङ बोर्ड तथा भित्ते लेखनको प्रति स्क्वर फुट रु. 500/- प्रति वर्षका दरले कर लगाउने। |

---

# अनुसूची–८

## ८– सेवा शुल्क

| क्र.सं. | विवरण | शुल्क रु. | वार्षिक नविकरण दस्तुर रु. | जरिवाना दस्तुर रु. | कैफियत |
|---|---|---|---|---|---|
| १ | **नागरिकताको सिफारिस** | | | | |
| 1.1 | बशंजको नागरिकताको सिफारिस | 200.00 | | | |
| 1.2 | बैवाहिक अङ्किकृत नागरिकताको सिफारिस | 200.00 | | | |
| 1.3 | नागरिकता प्रतिलिपि | 250.00 | | | |
| २ | **मालपोत सिफारीस** | | | | |
| २.१ | जग्गाधनी पुर्जाको प्रतिलिपी | 150.00 | | | |
| २.२ | कित्ता काट | 250.00 | | | |
| २.३ | चार किल्ला प्रमाणित | 150.00 | | | |
| २.४ | घरपाताल (घरको सर्जमिन मुचुल्का गरेवापत) | 150.00 | | | |
| २.५ | मरुवाको सरुवा/नामसारि | 250.00 | | | |
| २.६ | जग्गाधनी पुर्जामा घर कायम | 250.00 | | | |
| २.७ | जग्गाधनी पुर्जामा फोटो टाँस | 150.00 | | | |
| २.८ | जग्गा हकदार/हकवाला | 250.00 | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ३ | दलित, अपांग, अल्पसंख्यक र एकल महिलाका लागि सिफारिस शुल्कमा ५०% छुट हुनेछ । (नागरिताको प्रतिलिपि सिफारिस बाहेकमा) | | | | |
| ४ | **योजना सिफारिस** | | | | |
| ४.१ | सम्झौता, प्रथम किस्ता पेश्कि र खाता सञ्चालन एउटै सिफारिस | तीन लाख सम्म 200, तीन लाख देखि पाँच लाख सम्म 500, पाँच लाख देखि दश लाख सम्म 1000, दश लाख देखि पचास लाख सम्म 1500 र पचास लाख देखि माथि 2000 सिफारिस दस्तुर | | | |
| ४.२ | अन्तिम भुक्तानी | तीन लाख सम्म 200, तीन लाख देखि पाँच लाख सम्म 500, पाँच लाख देखि दश लाख सम्म 1000, दश लाख देखि पचास लाख सम्म 1500 र पचास लाख देखि माथि 2000 सिफारिस दस्तुर | | | |
| ४.३ | धरौटी फिर्ता र खाता बन्द | तीन लाख सम्म 200, तीन लाख देखि पाँच लाख सम्म 500, पाँच लाख देखि दश लाख सम्म 1000, दश लाख देखि पचास लाख सम्म 1500 र पचास लाख देखि माथि 2000 सिफारिस दस्तुर | | | |
| ५ | अन्य सिफारिस ( माथिउल्लेखित भन्दा बाहेकका) | 200.00 | | | |
| ६ | नाता प्रमाणित दस्तुर | 200.00 | | | |
| ७ | प्रमाणित नेपालको प्रयोजन | 200.00 | | | |
| ८ | प्रमाणित बैदेसिक प्रयोजन | 300.00 | | | |
| ९ | निवेदन दस्तुर | - | | | |
| १० | व्यक्तिगत घटना दर्ता प्रमाणपत्र प्रतिलिपि | नेपाल सरकारको नियमानुसार हुनेछ । | | | |
| ११ | व्यक्तिगत घटना दर्ता विलम्ब शुल्क | नेपाल सरकारको नियमानुसार हुनेछ । | | | |
| १२ | गैर सरकारी संस्था सिफारिस | 1,500.00 | 500.00 | नियमानुसार | |
| १३ | अन्तर्राष्ट्रिय गैर सरकारी संस्था सिफारिस | 2,500.00 | 1,000.00 | नियमानुसार | |

| | | | | | |
|---|---|---|---|---|---|
| १४ | क्लव दर्ता दस्तुर (तर बाल क्लब दर्ता निशुल्क हुनेछ) | 1,000.00 | 500.00 | 250.00 | |
| १५ | अन्य संघ संस्था दर्ता सिफारिस | 1,000.00 | - | - | |
| १६ | अन्य संघ संस्था दर्ता (कृषि, पशुपन्छी तथा माछा फर्म, उ.स., आमा समुह, अन्य समुह) | 500.00 | 250.00 | 250.00 | |
| १७ | व्यवसाय सम्बन्धी सिफारिस | 500.00 | - | - | |
| १८ | विद्युत जडानको लागी सिफारिस (दलित, अपांग, अल्पसंख्यक र एकल महिलाका लागि सिफारिस शुल्कमा ५०% छुट हुनेछ।) | 200.00 | - | - | |
| १९ | घरको नक्सा पास (Darchula Tinkar Road आसपास) | ५/–वर्ग फुट | - | - | |
| २० | घरको नक्सा पास (Darchula Tinkar Road आसपास बाहेक) | ३/– वर्ग फुट | - | - | |
| २१ | सर्जमिन मुचुल्का गरेको | 50.00 | - | - | |
| २२ | परामर्स सेवा दर्ता सिफारिस | 2,000.00 | - | - | |
| २३ | कोचिङ सेन्टर/ट्युसन सेन्टर | 2,000.00 | 1,000.00 | 1,000.00 | |
| २४ | न्यायिक समितिमा उजुरी दर्ता दस्तुर (न्यायिक समितिका संयोजकको निर्णय अनुसार) | 100.00 | - | - | |
| २५ | मिलापत्र (न्यायिक समितिका संयोजकको निर्णय अनुसार) | 500.00 | - | - | |
| २६ | लिखत प्रतिलिपि प्रतिपाना | 20.00 | - | - | |
| २७ | टेलिफोन/नेटवर्कको टावर अनुमति शुल्क | 15,000.00 | - | - | |
| ३३ | मार्गसिट प्रमाणपत्र प्रतिलिपि प्रमाणित | 150.00 | - | - | |
| ३४ | लघु वित्त कम्पनी वार्षिक कर | 5,000.00 | - | - | |
| ३५ | सहकारी संस्थाको वार्षिक कर | 500.00 | - | - | |
| ३६ | बैंक तथा वित्तिय संस्था वार्षिक कर (क वर्ग) | 15,500.00 | - | - | |

| | | | | | |
|---|---|---|---|---|---|
| ३७ | बैंक तथा वित्तिय संस्था वार्षिक कर (ख वर्ग) | 10,500.00 | - | - | |
| ३८ | बैंक तथा वित्तिय संस्था वार्षिक कर (ग वर्ग) | 7,500.00 | - | - | |
| ३९ | बैंक तथा वित्तिय संस्था वार्षिक कर (घ वर्ग) | 5,500.00 | - | | |
| ४० | यार्सागुम्बा संकलनकर्ता सिफारिस | 500.00 | | | |
| ४१ | **यार्सागुम्बा निकासाको लागि पूर्जी लिन आवश्यक पर्ने सिफारिसः** | | | | |
| ४२ | १ कि.ग्रा. सम्म संकलन गरि निकासा | 2,000.00 | | | |
| ४३ | 1 कि.ग्रा. देखि ३ कि.ग्रा. सम्म संकलन गरि निकासा | 3,500.00 | | | |
| ४४ | 3 कि.ग्रा. देखि 5 कि.ग्रा. सम्म संकलन गरि निकासा | 5,000.00 | | | |
| ४५ | 5 कि.ग्रा. वा सो भन्दा बढी संकलन गरि निकासा | 8,000.00 | | | |
| ४६ | **बहुयात्रा अनुमति शुल्कः** | | | | |
| ४७ | ब्याँस गाउँपालिका भित्र | 200.00 | | | |
| ४८ | ब्याँस गाउँपालिका बाहिर | 400.00 | | | |
| ४९ | उपरोक्त करका दरहरु बाहेक छुट हुन गएका शीर्षकहरुको हकमा गाउँपालिका अध्यक्ष ज्यूको निर्णयानुसार हुनेछ र उक्त करको दर गाउँकार्यपालिका/गाउँसभाबाट अनुमोदन गर्नुपर्नेछ । | | | | |

## अनुसूची–९

### ९– गिट्टि, बालुवा, ढुङ्गा, खानी उद्योग आदि

| | |
|---|---|
| १ | गिट्टि, बालुवा, ढुङ्गा, स्लेट, चुनढुङ्गा, खरीढुङ्गा, अभ्रख, खानी उद्योग, दहत्तर बहत्तरमा प्राकृतिक स्रोत करको दर प्रदेश सरकारले तोकेबमोजिम हुनेछ । |

### अनुसूची–१०

**१०– पर्यटन शुल्क तथा पदयात्रा शुल्क**

| | |
|---|---|
| १ | पर्वतारोहण, राष्ट्रिय निकुञ्ज, वन्यजन्तु आरक्ष तथा संरक्षण क्षेत्रको प्रवेश शुल्क निर्धारण र संकलन नेपाल सरकारले व्यवस्था गरेबमोजिम हुनेछ । |

### अनुसूची–११

**११– जरिवाना**

| | | | | | |
|---|---|---|---|---|---|
| १ | दण्ड जरिवाना | नियमानुसार हुने | | | |

## अनुसूची–१२

## १२– कृषि तथा पशुजन्य कारोबारमा लाग्ने कर

| | | | | | |
|---|---|---|---|---|---|
| १ | कुखुरापालन व्यवसाय दर्ता | 500.00 | 250.00 | 250.00 | |
| २ | बाख्रापालन व्यवसाय दर्ता | 500.00 | 250.00 | 250.00 | |
| ३ | **चौपाया निकासी कर (प्रति गोटा)** | | | | |
| ३.१ | भैसी | 500.00 | | | |
| ३.२ | राँगो | 500.00 | | | |
| ३.३ | खसी | 50.00 | | | |
| ३.४ | बोका | 50.00 | | | |
| ३.५ | भेडा, बाख्रा, चाङ्ग्रा | 50.00 | | | |